# राजा ज्ञानेन्द्रको शासनकाल र सञ्चारमाध्यममा सेन्सरसीप

रघु मैनाली

माघ १९ काण्ड[1] पछिको करिब १५ महिना नेपाली पत्रकारहरू नियमित रूपमा आफ्नो कार्यालय जान्थे । कार्यालय पुग्दा उनीहरूलाई सबै कुरा सामान्य लाग्थ्यो । पुरानै कार्यालय हो, सहकर्मी पनि उनै हुन्, अनौठो र नौलो केही थिएन । तर जब समाचार लेख्न बस्थे उनीहरू, आफूले बुझेका र जानेका पेशागत मूल्य र मान्यताहरू नराम्ररी हार खान्थे । अन्योल र अनिश्चितताको कुहिरो मडारिन्थ्यो । लोभ, डर र धम्की सलबलाउँथ्यो । प्रत्येक कुरा असामान्य र असम्भव बन्न थाल्थ्यो । पूर्ववत् भोलिपल्ट बिहान पत्रिका निस्कन्थ्यो र पाठकको हातमा पुग्थ्यो । पाठकले पत्रिका पल्टाउँथ्यो र पढ्थ्यो । माघ १९ अघिझैं पत्रिकाको नाम र मास्टहेड उही छ । समाचारका शीर्षकहरूको प्वाइन्ट उत्रै छ । समाचारको सङ्ख्या त्यति नै छ । समाचार खोज्ने र लेख्ने पत्रकार उनै हुन् । प्रिन्टलाइनमा छापिएका सम्पादक र प्रकाशकहरूको नाम पुरानै छ । पत्रिकाका सबै पाना भरिएका छन् । तर पनि पाठकको प्रतिक्रिया हुन्थ्यो– “केही छैन पत्रिकामा ।”

आखिर पाठकको नजरबाट हराएको वा गुमेको पक्ष चाहिँ के हो त ? पत्रकारको समाचार सङ्कलन र सम्पादन गर्ने वातावरण, प्रकाशकको बाध्यता र राज्यको व्यवहारलाई विश्लेषण गर्दा यसको उत्तर सहजै फेला पर्छ । पत्रिकाबाट

---

[1] यहाँ २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई बर्खास्त गरी राज्यको सम्पूर्ण शक्ति हत्याएर एकलौटी शासन सुरु गरेको घटनालाई ‘माघ १९ काण्ड’ भनिएको हो । राजाले शासन सत्ता हत्याएपछि देशका सम्पूर्ण सञ्चारमाध्यमहरूमा सैनिक हस्तक्षेप र निगरानी सुरु भएको थियो ।

हराएको वा गुमेको एउटै तर साह्रै महत्त्वपूर्ण पक्ष हो– स्वतन्त्रता । वास्तविकता खोज्ने र लेख्ने, अनुसन्धान र आलोचना गर्ने, विचार प्रवाह गर्ने, जनतालाई सुसूचित र जागरुक पार्ने स्वतन्त्रताको छनक पत्रिका पढ्दा पाठकले पाएनन् भने भन्छन्, "पत्रिकामा पढ्ने कुरै के छ र ?"

२०६१ माघ १९ गते शाही कदमका नाममा नियोजित रूपले समाचार कक्षहरूमा सशस्त्र बुट बजारिएपछि समाचार सम्प्रेषणमा अभूतपूर्व सेन्सरसीप सुरु भयो । आम सञ्चारका प्रभावशाली माध्यमहरू छापा, रेडियो र टेलिभिजनमा सरकार, प्रकाशक/व्यवस्थापक र पत्रकार तीनओटै पक्षबाट आ-आफ्ना बुताले भ्याएसम्मको सेन्सरसीप जारी रह्यो । आम अन्योल र भ्रमका लागि निरङ्कुश शासकहरूले चलाउने सबभन्दा बलियो हतियार सेन्सरसीप हो, जसले व्यक्ति, समाज र सिङ्गो सभ्यतालाई हानि गर्छ। नेपाली शासकहरूले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गरेर जनताको मत तथा विवेकलाई प्रभावित पार्न मात्र होइन, जनताप्रतिको गैरजिम्मेदारीलाई शासन व्यवस्थाको स्वभाविक प्रक्रियाका रूपमा परिभाषा गर्नसमेत सेन्सरसीपको प्रयोग गरेका छन् ।

सरकारले आफ्नो प्रतिकूल हुने कुनै पनि कुरा बोल्ने, रेकर्ड गर्ने वा प्रकाशन गर्ने कार्यलाई कानूनद्वारा नै रोक लगाउने आधुनिक अभ्यास नै सेन्सरसीप हो, जुन आदेश वा निर्देशन आएपछि तयारी अवस्थामा रहेका प्रकाशन वा प्रसारण सामग्रीहरूलाई हटाउन बाध्य हुनुपर्छ (प्राइस सन् १९९७) । जनउत्तरदायी शासन व्यवस्थामा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित पार्ने प्रावधानहरूले अन्तर्राष्ट्रिय कानूनअनुसार तीनओटा सर्त कडाइका साथ पालना गरेको हुनुपर्छ । पहिलो सर्त, अभिव्यक्ति स्वतन्त्रतामाथिको व्यवधान कानूनद्वारा खडा गरिएको हुनुपर्छ । सबैको पहुँचमा भएको तथा नागरिकलाई सक्षम बनाउने पर्याप्त सावधानीसहित उसका व्यवहारहरूलाई नियमन गर्न निर्माण गरिएको कानूनले मात्र अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण गर्ने पहिलो सर्त पूरा गरेको मानिन्छ । दोस्रो सर्त, यस्तो व्यवधानले राष्ट्रिय सुरक्षा तथा अमनचयन कायम गर्ने जस्ता स्थापित र सर्वस्वीकृत लक्ष्यलाई अनुसरण गरेको हुनुपर्छ । र, तेस्रो सर्त, यस्तोखाले नियन्त्रण सर्वस्वीकृत लक्ष्य प्राप्त गर्नका लागि अत्यावश्यक हुनुपर्छ । र, नियन्त्रणको औचित्यलाई प्रमाणित गर्न सकिनेसमेत हुनुपर्छ (मेन्डल सन् २००३) ।

यो लेखमा राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालभरि सञ्चारमाध्यमबाट सूचना तथा विचार प्रवाहमा आएको कमी, सेन्सरसीपका लागि जिम्मेवार पात्रहरू तथा नेपाली सञ्चार जगतमा देखा परेका सेन्सरसीपका प्रवृत्तिलाई केलाउने प्रयास गरिएको छ ।

## सूचना र विचार प्रवाहमा आएको कमी

माघ १९ पछि नेपालमा बन्दुकको बलमा जनताको सूचनाको हक, अभिव्यक्ति स्वतन्त्रता तथा प्रेस स्वतन्त्रतालाई समाप्त पार्ने प्रयत्न सुरु भए। माघ १९ पछिको नेपाली पत्रकारितामा सेन्सरसीप भयानक रूपले देखा परेको थियो। राजा ज्ञानेन्द्रको शासनकालपछिको सङ्कटकाल सुरु भएलगत्तै *दृष्टि*, *बुधबार* र *पुनर्जागरण* जस्ता साप्ताहिक पत्रिकाहरूले एकएक अङ्क प्रकाशन नै गर्न सकेनन्। शुक्रबार निस्कनुपर्ने *समय* साप्ताहिक त्यसपटक आइतबार मात्र निस्कन सक्यो। *बुधबार* साप्ताहिकले आफ्ना केही अङ्कहरू आठ पृष्ठबाट घटाएर चार पृष्ठमात्र निकाल्यो भने १२ पृष्ठमा प्रकाशित भइरहेका *देशान्तर* साप्ताहिक तथा *राजधानी* दैनिकले पहिलेभन्दा चारचार पृष्ठ घटाएर आठ पृष्ठको पत्रिका प्रकाशन गर्न थाले। प्रत्यक्ष सैनिक सेन्सरसीपपछि प्रकाशित पत्रपत्रिकाहरूमध्ये 'ती पत्रिका सेन्सरसीप गरिएपछि निस्किएका हुन्' भनेर *राजधानी* दैनिकबाहेक कसैले छाप्न सकेनन्। विगतमा राजनीतिक परिवर्तन हुँदा वा अन्य असामान्य अवस्थामा विशेष सम्पादकीय लेख्ने गरेको *कान्तिपुर* दैनिकले मुलुकमा यत्रो भयानक घटना भएको भोलिपल्ट माघ २० गतेको सम्पादकीयमा 'चारुमतिको योगदान' बारे चर्चा गर्‍यो। *राजधानी* दैनिकले केही साहसका साथ 'श्री ५ को जोखिमपूर्ण कदम' शीर्षकमा विशेष सम्पादकीय लेखेको थियो भने *नेपाल समाचारपत्र* तथा *गोरखापत्र*ले राजाको कदमको समर्थन गर्दै क्रमशः 'राजाको कदम' र 'जनताको अपेक्षा' शीर्षकमा विशेष सम्पादकीय छापेका थिए। माघ १९ पछि उक्त महिनाभर प्रकाशित पत्रपत्रिकाहरूमा छिटपुट रूपमा केही असहमतिका सम्पादकीय छापिए पनि अधिकांश सम्पादकीय गैर राजनीतिक विषयमा लेखिएका थिए।

दैनिक तीनओटादेखि घण्टेघण्टे बुलेटिनसमेत बजाउने देशभरका ४३ ओटा रेडियोहरूबाट लगातार गीत मात्र बज्न थाले। निजी क्षेत्रबाट सञ्चालित टेलिभिजन– कान्तिपुर टेलिभिजन, च्यानल नेपाल र इमेज च्यानलहरूले समाचार बुलेटिन कायमै राखे पनि राजनीतिक गतिविधि ज्यादै कम दिए। माघ १९ गते एकाबिहानैदेखि मुलुकका प्रमुख राजनीतिक दलका अधिकांश नेतामध्ये कसैलाई गिरफ्तार गरिएको, कसैलाई घरमै स्थानहद गरिएको कुरा भोलिपल्ट प्रकाशित कुनै पनि पत्रपत्रिका तथा प्रसारित टेलिभिजन र रेडियोहरूले समाचार दिन सकेनन्। घटनाको पाँच दिनपछि माघ २३ गते *कान्तिपुर* दैनिकले 'दलका नेता कार्यकर्ता सुरक्षाका निम्ति नियन्त्रणमा' शीर्षकको समाचार छाप्यो।

अधिकांश दैनिक पत्रपत्रिकाहरूले विचार पृष्ठका लेख रचनाहरू पनि गैरराजनीतिक विषयवस्तु तथा राजाको कदमबारे टिप्पणी नगरिएका लेखमा

केन्द्रित गरे । तर सूचना तथा विचार प्रवाहका हिसाबले साप्ताहिक पत्रपत्रिकाहरू दैनिकका तुलनामा धेरैहदसम्म अडिग बने । घटनाको भोलिपल्ट माघ २० गते प्रकाशित *जनआस्था* साप्ताहिकले 'सञ्चार शून्यतामा बितेका क्षण' शीर्षकमा सम्पादकीय प्रकाशन गर्‍यो । माघ २१ मा *समय* साप्ताहिकले 'कम्मर कसे राजाले' आवरण कथा बनाएर राजाको कदमले 'विभाजित र कमजोर मुलुक' बन्न सक्ने चिन्ता व्यक्त गर्‍यो । माघ २४ गतेको *देशान्तर* साप्ताहिकले 'बन्दुक कहिल्यै जनमतभन्दा शक्तिशाली हुँदैन' भन्ने शीर्षकमा सम्पादकीय छाप्यो । *हिमाल खबरपत्रिका*ले माघ १९ पछि फागुन १ गते प्रकाशित पहिलो अङ्कमा सेन्सरसीपको भण्डाफोर गर्दै 'प्रजातन्त्र अमर रहोस्' भन्ने शीर्षकमा सम्पादकीयसमेत छाप्यो । यसरी अन्य केही पत्रपत्रिकाहरूबाट राजाको कदमप्रति असहमति व्यक्त हुने सूचना तथा विचार प्रवाह भए पनि यो साह्रै झिनो मात्रामा थियो ।

यसै सन्दर्भमा केन्द्रित रहेर पाँच ब्रोडसिट दैनिकका सम्पादकहरूसँग कुराकानी गरिएको थियो । त्यस क्रममा उनीहरूको भोगाइमा पनि विगतका तुलनामा सूचना तथा विचार प्रवाहमा व्यापक कमी आएको जानकारी पाइयो । पत्रपत्रिकाको प्रशासनमा २०६१ माघ १९ अघिको सूचना प्रवाहलाई शतप्रतिशत मान्दा त्यसपछिका १३ महिनामा सूचनाको प्रवाहमा औसत ५० प्रतिशतले कमी आएको थियो (हेर्नुहोस् तालिका १) । पाठकहरूले पहिलेको तुलनामा पत्रपत्रिकाबाट ५०

**तालिका १: २०६१ माघ १९ पछि सूचना प्रवाहमा आएको कमी**[२]

| **पत्रिका** | **कुराकानी गरिएका व्यक्ति** | **माघ १९ पछि सूचनाको प्रवाहमा आएको कमी (प्रतिशतमा)** |
|---|---|---|
| राजधानी | कपिल काफ्ले, सम्पादक | ५० |
| कान्तिपुर | नारायण वाग्ले, सम्पादक | ३० |
| काठमाण्डु पोस्ट | प्रतीक प्रधान, सम्पादक | ५० |
| हिमालय टाइम्स | धर्मेन्द्र झा, सम्पादक | ४० देखि ५० |
| नेपाल समाचारपत्र | महेन्द्र विष्ट, कार्यकारी सम्पादक | ६० |

[२] यो तालिका निजी क्षेत्रका पाँचओटा ब्रोडसिट दैनिकका सम्पादकहरूले आ-आफ्नो पत्रिकामा दैनिक कार्यसम्पादन गर्दा महसुस गरेको र सम्पादकको मनमा बसेको प्रभावमा आधारित छ । सम्पादकहरूसँग अलगअलग गरिएको कुराकानीका क्रममा आ-आफ्नो पत्रिकाबाट २०६१ माघ १९ अघि र पछि पाठकले पाउने सूचनाको मात्रामा आएको कमीका बारेमा जिज्ञासा राखिएको थियो । सो जिज्ञासामा सबै सम्पादकहरूबाट व्यापक मात्रामा कमी रहेको कुरा आएपछि माघ १९ अघिको अवस्थामा भएको सूचना प्रवाहलाई शतप्रतिशत मान्दा माघ १९ पछि सूचना प्रवाहमा आएको कमीलाई प्रतिशतमा कति कमी भन्न सकिन्छ भन्ने प्रश्नको उत्तरमा सम्पादकहरूबाट आएको जबाफलाई तालिकाबद्ध गरिएको हो ।

प्रतिशत सूचना सामग्री पाउन नै छाडेका थिए । बाँकी ५० प्रतिशत सामग्री पनि चर्को सेन्सरसीपपछि मात्र निस्कने गरेका थिए। सूचना प्रवाहमा अत्यधिक क्रियाशील दैनिक ब्रोडसिट पत्रिकाका सम्पादकहरूको अनुभवमा सैनिक उपस्थित भएका सुरुका तीन दिन सूचना प्रवाहमा ९९ प्रतिशत नै रोक लाग्यो। तर क्रमशः पत्रकारहरूको साहसिक अवज्ञा र सिर्जनशील तथा चलाखीपूर्ण प्रयत्नले यो स्थितिमा क्रमशः सुधार आयो। शाही सरकारले जारी गरेको सङ्कटकालभरि २०६१ माघ १९ गतेदेखि २०६२ वैशाख १७ गतेसम्म सूचना प्रवाहमा आएको कमीलाई तालिका १ मा देखाइएको छ।

तालिका १ लाई आधार मानेर विश्लेषण गर्दा पत्रपत्रिका र सम्पादकअनुसार सरकारसँग प्रतिवाद गर्ने क्षमता कम र बढी रहेको पाइन्छ। उल्लिखित तथ्याङ्कले सरकारसँग सबभन्दा बढी प्रतिवाद गर्ने वा सरकारी आदेश अवज्ञा गरी जनताको

सूचनाको हकलाई निरन्तरता दिने कार्यमा *कान्तिपुर* दैनिक छ। यसले सङ्कटकाल अघिको तुलनामा ७० प्रतिशत सूचना प्रवाहलाई कायमै राखेको देखिन्छ। तर *नेपाल समाचारपत्र* दैनिकको तथ्याङ्कलाई हेर्दा सरकारसँग प्रतिवाद गर्ने क्षमता ऊसँग सबभन्दा कम देखिएको छ। *नेपाल समाचारपत्र* दैनिकले सङ्कटकाल अघिको तुलनामा ४० प्रतिशत मात्र सूचना प्रवाह गरेको छ।

## सेन्सरसीपका प्रमुख पात्र

विश्वभरि नै सेन्सरसीप नौलो कुरा होइन। आधुनिक सञ्चारमाध्यमको विकास हुनुपूर्व नै प्राचीन ग्रीसमा जनताको विचार तथा अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण गरिएको इतिहास भेटिन्छ। आधुनिक सञ्चारमाध्यमको सुरुआतपछि पनि सेन्सरसीप विभिन्न रूपमा जारी छ। एकतन्त्रीय र अधिनायकवादी शासन पद्धति भएका मुलुकमा सञ्चारमाध्यमलाई बढी मात्रामा नियन्त्रण गर्ने गरिएको छ। यस्तो अवस्थामा सरकार नै एक मात्र नियन्त्रणको पात्र बन्छ। युरोपमा चर्चका पादरीको हातबाट शासनसत्ता राजनीतिक पार्टीमा ल्याउने सङ्घर्षमा त्यहाँका सञ्चारमाध्यमहरूमाथि सेन्सरका लागि यी दुवै पक्ष जिम्मेवार देखिएका थिए। २००१ सेप्टेम्बर ११ मा अमेरिकामा भएको आक्रमणपछि सेन्सर निकै चर्को र नौलो स्वरूपमा विश्वभरि सुरु भयो। अमेरिकी सरकारले राष्ट्रवादका नाममा आफ्नो विपक्षमा आवाज उठाउनेहरू सबै आतङ्ककारी हुन् भन्ने मान्यतालाई सार्वजनिक गऱ्यो। अमेरिकी आदेशले पत्रकारलाई 'पहिलो राष्ट्रवादी र दोस्रो पत्रकार' को भूमिका खेल्न बाध्य पाऱ्यो (वारेन सन् २००३)। फ्रान्स लगायतका युरोपेली मुलुकहरूले पनि प्रेसविरुद्ध कडा कानून ल्याउने प्रयत्न सुरु गरे। यस

समयमा विन लादेनले नेतृत्व गरेको अलकायदा समूह र अमेरिकी तथा युरोपेली देशका सरकारहरू सेन्सरसीपका मुख्य पात्र बनेका थिए ।

नेपालमा सुरुदेखि नै पत्रकारितामा कुनै न कुनै खाले सेन्सरसीप कायमै छ । २०४६ सालअघि पञ्चायती शासनकालमा प्रकाशन पूर्वको सेन्सरसीप कायम थियो । नेपालको संविधान २०४७ ले पूर्व सेन्सरसीपलाई खारेज गरे पनि नेपाली पत्रकारिता राजनीतिक हस्तक्षेप र व्यापारिक स्वार्थबाट अगल हुन नसक्दा वास्तविक रूपमा स्वतन्त्र बन्न सकेको थिएन । सरकारी सञ्चारमाध्यम तथा राजनीतिक दल नजिकका पत्रपत्रिकामा समाचारले पदीय महत्त्व पाउँथ्यो जसले गर्दा सूचना तथा सञ्चारलाई नोकरशाहीकरण गरेको थियो । २०४९ सालपछि निजी क्षेत्रबाट ब्रोडसिट दैनिक तथा टेलिभिजन च्यानलहरू सुरु भए । ती सञ्चारमाध्यमहरूमा केन्द्रिकृत स्वामित्व, नाफामुखी लक्ष्य, विज्ञापन नै प्राथमिक आम्दानीको स्रोत हुनुका साथै सरकार, राजनीतिक, व्यापारिक तथा कुलीन जस्ता शक्ति केन्द्रहरूका सूचना तथा गतिविधिमा मात्रै सञ्चारमाध्यम भर पर्नुले सूचना तथा सञ्चार कार्यमा क्रमशः व्यापारीकरण सुरु भयो । यी दुवै अवस्था स्वतन्त्र सञ्चारका लागि खतरनाक बनिरहेका थिए । त्यस बेला सरकार, राजनीतिक शक्ति केन्द्र, व्यापारी/उद्योगपति तथा कुलीनहरू सेन्सरसीपका प्रमुख पात्र थिए ।

माघ १९ पछि भने सेन्सरसीपका पात्रहरू केही फरक रूपमा देखा परे । काठमाडौँ उपत्यकाभित्र सेन्सरसीपका प्रमुख पात्रहरू सरकार, प्रकाशक/व्यवस्थापक र पत्रकार हुन् । यहाँ विद्रोही माओवादीको प्रभाव न्यून थियो । सरकारी पक्षका केही भिजिलान्तेहरूले फोनबाट धम्क्याउने प्रयास गरे पनि त्यसको प्रभाव पत्रकारहरूमा खासै परेन । सेन्सरसीपका लागि जिम्मेवार पक्षबारे निजी क्षेत्रबाट

**तालिका २: सेन्सरसीपका लागि भूमिका खेल्ने मुख्य पात्रहरू**

| दैनिक पत्रिका | कुराकानी गरिएको व्यक्ति | राज्य (% मा) | प्रकाशक (% मा) | पत्रकार स्वंय (% मा) | छुट्ट्याउन गाह्रो (% मा) |
|---|---|---|---|---|---|
| राजधानी | कपिल काफ्ले | ६० | ३० | १० | |
| कान्तिपुर | नारायण वाग्ले | ७५ | १२.५ | १२.५ | |
| काठमाण्डु पोस्ट | प्रतीक प्रधान | ६० | २० | २० | |
| हिमालय टाइम्स | धमेन्द्र झा | ५० | ३० | १० | १० |
| नेपाल समाचारपत्र | महेन्द्र विष्ट | ६० | ३० | १० | |

काठमाडौँमा सञ्चालित ब्रोडसिट दैनिकका सम्पादकहरूसँग कुराकानी गरिएको थियो । सो कुराकानीमा सम्पादकहरू समाचार क-कसको दबाब वा आदेशमा

कति कति रोक्छन् भन्ने कुरा बुझ्ने प्रयत्न गरिएको थियो । जनताको सूचनाको हक तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित पार्न समाचार रोक्नका लागि कसले सम्पादकलाई बाध्य पारेको छ भन्ने बारेमा सम्पादकहरूका मनमा रहेको छाप वा प्रभावलाई उनीहरूको भनाइको आधारमा तालिका २ मा देखाइएको हो । सो तालिकाअनुसार राज्य पक्ष सेन्सरसीपका लागि सबभन्दा खतरनाक खलनायक देखिन्छ । सेन्सरसीपका लागि भूमिका खेल्ने दोस्रो पात्र प्रकाशक/व्यवस्थापन पक्ष रहेको छ भने तेस्रो पात्रका रूपमा पत्रकार स्वंय देखिएका छन् ।

काठमाडौँ उपत्यकाबाहिरको स्थिति अलि भिन्न छ । सेन्सरसीपका लागि काठमाडौँ उपत्यकाबाहिर राज्य, विद्रोही माओवादी, प्रकाशक/व्यवस्थापक र पत्रकार जिम्मेवार छन् । रूपन्देही लगायतका केही जिल्लाहरूमा राज्यद्वारा संरक्षित भिजिलान्ते समूहहरू पनि सेन्सरसीपका लागि डर लाग्दो पात्र बनेका छन् ।

## सेन्सरसीपका स्वरूप

नेपालमा माघ १९ को काण्डपछि नेपाली पत्रकारिता प्रत्यक्ष तथा अप्रत्यक्ष दुवैखाले सेन्सरसीपबाट आक्रान्त भयो । विश्वभरि नै यी दुईखाले सेन्सरसीप प्रचलनमा छन् । तर नेपालमा देखा परेका प्रत्यक्ष र अप्रत्यक्ष सेन्सरसीपका स्वभावहरू केही भिन्न पनि पाइएका छन् । अब तिनको चर्चा गरौँ ।

### *प्रत्यक्ष सेन्सरसीप*

सूचना प्रवाह गर्न क्रियाशील तथा उत्तरदायित्वका हिसाबले जनतालाई सूचना उपलब्ध गराउने पक्ष नै सूचना सम्प्रेषणका लागि बाधक बन्ने अवस्था प्रत्यक्ष सेन्सरसीप हो । माघ १९ को घटनापछि प्रत्यक्ष सेन्सरसीपका लागि भूमिका खेल्नेहरू काठमाडौँ उपत्यकामा राज्य, प्रकाशक/व्यवस्थापक र पत्रकार रहे भने काठमाडौँ उपत्यकाबाहिर राज्य, विद्रोही माओवादी, सरकार संरक्षित भिजिलान्ते समूह, प्रकाशक/व्यवस्थापक र पत्रकार जिम्मेवार थिए । प्रत्यक्ष सेन्सरसीपलाई पात्रका आधारमा मूलतः दुई भागमा बाँड्न सकिन्छः

**क. आधिकारिक सेन्सरसीपः** राज्यद्वारा अभिव्यक्ति स्वतन्त्रतालाई समाप्त पार्न वा खुम्च्याउन कानूनी बहाना तथा बलपूर्वक गरिएका प्रयत्नहरू यस कोटिमा पर्दछन् । सैनिक हस्तक्षेप, सूचनाको पहुँचमा अवरोध राज्यले बलपूर्वक लादेका सेन्सरसीप हुन् भने सरकारी निर्देशन, अध्यादेश आदि कानूनको हवाला दिँदै गरिएका सेन्सरसीप हुन् । सर्वसाधारणको सहज पहुँचमा रहेका स्थानीय रेडियोहरूमाथि छापा

र टेलिभिजन माध्यमको तुलनामा राज्य बर्बर र नाङ्गो ढङ्गले सेन्सरसीपमा ओर्लियो। नेपालमा आधिकारिक सेन्सरसीप सरकारी निर्देशन, नयाँ अध्यादेश, सैनिक हस्तक्षेप, प्रोपगण्डा तथा सूचनाको पहुँचमा अवरोधका रूपमा देखा परेको छ।

*नयाँ अध्यादेश र सरकारी निर्देशन* : २०६१ माघ १९ गतेदेखि मुलुकमा लागू गरिएको सङ्कटकालमा श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रायलले जारी गरेका छओटा सूचनामध्ये स्वतन्त्र रेडियोहरूका नाममा चारओटा र छापा माध्यमका नाममा दुईओटा थिए। सरकारले सञ्चारसँग सम्बन्धित छओटा ऐनलाई संशोधन गऱ्यो। ती ऐनहरूमा रेडियो ऐन, राष्ट्रिय प्रसारण ऐन, राष्ट्रिय समाचार समिति ऐन, छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, प्रेस काउन्सिल ऐन तथा गाली र बेइज्जती ऐन थिए। यी ऐन संशोधनमा एकातिर पत्रकारितालाई फौजदारी कर्ममा समेत परिणत गर्न खोजिएको थियो भने अर्कोतर्फ दण्ड सजायँको व्यवस्था कडा पारिएको थियो। प्रकाशन तथा प्रसारणपूर्व प्रतिबन्ध गर्न नपाइने भनी संविधानले नै प्रत्याभूति दिएको अधिकारलाई कुण्ठित गर्ने गरी ऐन संशोधन गरिएको थियो। सरकारले प्रेस स्वतन्त्रतालाई संविधान विपरीत गएर पूर्ण रूपमा कुण्ठित पार्ने दुस्साहस गऱ्यो।

२०६१ माघ २१ गते जारी गरेको पहिलो सार्वजनिक सूचनामा "श्री ५ महाराजधिराज सरकारबाट माघ १९ मा बक्स भएको शाही घोषणाको भावना र मर्मविपरीत एवं आतङ्ककारी तथा विध्वंसात्मक र आतङ्ककारीलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रोत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, अभिमत वा व्यक्तिगत विचार प्रकाशन तथा प्रसारणमा रोक लगाइएको उल्लेख थियो" (गोरखापत्र २०६१क)। रेडियोहरूलाई मात्र सम्बोधन गरी माघ २२ गते जारी सूचनामा "श्री ५ महाराजधिराजका संवाद सचिवालयको मिति २०६१/१०/१९ को विज्ञप्तिद्वारा लागू भएको सङ्कटकालमा एफएम रेडियोहरूले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारका समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै पनि कार्यक्रम प्रसारण नगर्न निर्देशन दिइएको थियो" (गोरखापत्र २०६१ख)।

यसको करिब एक महिनापछि २०६१ फागुन १९ गते अर्को सूचना प्रकाशन गरी "माघ १९ मा बक्स भएको शाही घोषणाको भावना र मर्मविपरीत एवं आतङ्ककारी तथा विध्वंसात्मक र आतङ्ककारीलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रोत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, अभिमत वा व्यक्तिगत विचार" प्रकाशन तथा प्रसारणमा रोक लगाइएको कुरा दोहोऱ्याइएको छ (गोरखापत्र २०६१ग)। २०६१ फागुन २६ गते फेरि सूचना तथा

सञ्चार मन्त्रालयले "सङ्कटकाल लागू भएको अवस्थामा एफएम रेडियोहरूले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारका समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै पनि कार्यक्रम प्रसारण नगर्न" स्वतन्त्र रेडियोहरूलाई निर्देशन दिएको थियो (गोरखापत्र २०६१घ)।

यी निर्देशन जारी हुनुभन्दा पहिल्यैदेखि नै शाही सरकारले स्वतन्त्र रेडियोहरूबाट सञ्चालित महिला कार्यक्रम, बाल कार्यक्रम, दलित कार्यक्रम, जनस्वास्थ्य कार्यक्रम, कृषि कार्यक्रम, आत्मनिर्भरतासम्बन्धी कार्यक्रम, सामुदायिक विकाससम्बन्धी कार्यक्रम, साहित्यिक कार्यक्रम, वातावरणसम्बन्धी कार्यक्रम, मानवअधिकार शिक्षा कार्यक्रम, करिअर काउन्सिलिङ कार्यक्रम आदि बन्द गराइसकेको थियो। साथै आपतकालीन उद्धार तथा कल्याणकारी सन्देशहरू रक्तदानसम्बन्धी सूचना, पोलियो थोपा खुवाउन ल्याउनुहोस् भन्ने वा बालक हराएको बारेको जानकारी जस्ता मानवीय सूचना प्रसारण गर्नमा समेत सरकारले रोक लगाएको थियो।

*सैनिक हस्तक्षेप* : पत्रपत्रिकाहरूमा प्रधान सम्पादकले होइन, मेजर (सेनाका) सम्पादकले समाचारको अन्तिम सम्पादन गर्न थाले। 'तोरी फुलेको र मौरी पालेको समाचार छाप्नु' भन्ने निर्देशन सैनिक अधिकारीहरूले धेरैजसो पत्रकारहरूलाई दिए (भण्डारी २०६२)। रेडियोहरूमा काठमाडौँ उपत्यकाभित्र गीतबाहेक केही पनि नबजाउन जङ्गी आदेश दिए भने काठमाडौँ उपत्यका बाहिरका अधिकांश स्टेसनहरू तीन घन्टादेखि आठ दिनसम्म सेनाले पूर्ण रूपमा बन्द नै गरायो।[३] पत्रकारलाई आफ्नो कार्यालयमा जाँदा खानतलासी लिने, परिचय पत्र देखाउनुपर्ने र स्टेसनबाहिर निस्कनका लागि सैनिकको अनुमति लिनुपर्ने स्थितिसमेत सिर्जना भयो। सैनिक सेन्सरविरुद्ध पत्रपत्रिकाहरूले सिर्जनशील विरोध गरे। *द काठमाण्डु पोस्ट* दैनिकले माघ २३ गते मोजाबारे सम्पादकीय लेख्यो (द काठमाण्डु पोस्ट सन् २००५)। *हिमाल खबरपत्रिका*ले फागुन १ को अङ्कमा त सेन्सरको हद र स्वरूपलाई नै सार्वजनिक गरिदियो। सैनिकले सेन्सर गरेका ठाउँ जति खाली छोडेर सेन्सरबाट बचेको अंश प्रकाशन गरेको थियो (दीक्षित २०६१)। यसै गरी विभिन्न साप्ताहिक पत्रपत्रिकाले सेन्सरविरुद्ध सम्पादकीय लेखिने ठाउँ खाली छोडे।

*प्रोपगण्डा* : प्रोपगण्डा सेन्सरसीपकै एकखाले स्वरूप हो। आम अन्योल र भ्रमका लागि निरङ्कुश शासकहरूले चलाउने सबभन्दा बलियो हतियार प्रोपगण्डा

---

[३] स्वतन्त्र रेडियो बचाउ आन्दोलनको अभिलेखबाट।

मानिन्छ । सरकारी स्वामित्वमा रहेका *गोरखापत्र, द राइजिङ नेपाल,* रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सरकारले प्रोपगण्डाका लागि प्रयोग गऱ्यो । प्रोपगण्डाको उद्देश्य सूचना तथा समाचार प्रवाह गर्नु भन्ने हुँदैन । यसको मूल प्रयत्न त जनतालाई आफ्नो मतप्रति आकर्षण गर्नु हुन्छ । आफ्ना ज्यादती र कमजोरीहरू जनताले थाहा नपाऊन् भनी ध्यान अन्यत्र मोड्नका लागि प्रोपगण्डाको सहारा तत्कालीन तानाशाही शासकले लिएको थियो । निरङ्कुशताको सामाजिक धरातल तयार पार्नु नै प्रोपगण्डाको एक मात्र लक्ष्य थियो ।

तानाशाहहरूको परम्परागत मान्यताअनुसार नेपाली शासकहरूले पनि समाचार सम्प्रेषण गर्दा राष्ट्रियता सङ्कटमा परेको तर्क अघि सारे । एफएम समाचारमा त विश्वभरि कहीँ कतै नभएको अभ्यास हो भन्ने भ्रम राजधानी सहरका बौद्धिक जमातलाई समेत विश्वास दिलाउने गरी फैलाए । सरकारी प्रोपगण्डाले सूचना प्रवाहको क्षेत्रलाई चौतर्फी प्रदूषित पाऱ्यो, जसरी पानीको मुहानमा विष हाल्दा पर्ने गर्छ । कुन सूचना सही हो र कुन गलत भनी छुट्ट्याउन स्वतन्त्र पत्रकारहरूलाई समेत ज्यादै कठिन भयो । यसरी अल्प, अति र गलत सूचना प्रवाह गरेर जनतालाई भ्रममा पार्नु तानाशाहहरूको स्वभाविक र नित्य कार्य नै हो, जुन कार्य जनताको सूचनाको हकमाथि कठोर जालसाजीसमेत हो ।

*सूचनाको पँहुचमा अवरोध* : नेपाली पत्रकारिता देखा परेको सेन्सरसीपको अर्को स्वरूप सूचनाको पहुँचमा नै अवरोध सिर्जना गर्नु हो । सङ्कटकालभरि घटनास्थलमा गएर समाचार सङ्कलन गर्नु, सङ्कलित सामग्री समाचार कक्षसम्म पुऱ्याउनु तथा समाचार छाप्नु तीनओटै कार्य अत्यन्त जोखिमपूर्ण बने । सरकारी निर्णय प्रक्रियालाई केन्द्रिकृत र अपारदर्शी बनाइनु, सरकारले पत्रकारलाई आतङ्ककारी सरह व्यवहार गर्नु, सरकारी कार्यालयहरूमा पत्रकारको उपस्थितिलाई हतोत्साहित पार्नु, उनीहरूका परिचयपत्र नवीकरण नगर्नु, तथा अछाम, भोजपुर, कालिकोट, जुम्ला, हुम्ला लगायतका जिल्लाबाट समाचार पठाउने संवाददाताहरूलाई फोन र फ्याक्सको प्रयोगमा रोक लगाइनु वा प्रमुख जिल्ला अधिकारीले नै समाचार हेरेर मात्र फ्याक्स पठाउने या नपठाउने भनी निधो गर्नु आदिले सूचना तथा समाचारको स्रोतसम्म पत्रकार पुग्नै नसक्ने अवस्था सिर्जना गऱ्यो । यसले गर्दा समाचार सङ्कलन र सम्प्रेषणमा व्यापक कमी आयो ।

**ख. स्व-सेन्सरसीपः** माघ १९ पछि नेपाली पत्रकारितामा आङ्गिक सङ्कट पनि देखा पऱ्यो । पत्रकारिताका दुई महत्त्वपूर्ण अङ्गहरू व्यवस्थापक/प्रकाशक र

पत्रकारबीच विश्वासको सङ्कट सिर्जना भयो । व्यवस्थापक/प्रकाशकहरू प्रकाशित समाचारले निम्त्याउने सरकारी हस्तक्षेपप्रति चनाखो हुन थाले । पत्रकार स्वयं पनि सरकारी धम्कीबाट डराएर वा लोभले समाचार छाप्न हिच्किचाउन थाले । व्यवस्थापक/प्रकाशक र पत्रकारबाट सूचनाको प्रवाहलाई कुण्ठित पार्न चालिने प्रयत्नहरू स्व-सेन्सरसीपभित्र पर्दछन् । सैनिकले पत्रिकाको कार्यालयमा बिताएका क्षण सम्झँदै *कान्तिपुर* दैनिकका सम्पादक नारायण वाग्ले भन्छन्– "तेस्रो दिन सेनाका अधिकारीले सञ्चारगृह छोडेर जानुभन्दा अगाडि सम्पादक र प्रकाशकलाई 'अब व्यवस्थापक र सम्पादककै जिम्मामा छोडेका छौँ विगत तीन दिनसम्म भएको असल अभ्यास निरन्तर राख्नु होला' भनेर दिएको आदेश नै सेल्फ सेन्सरसीपका लागि सबभन्दा ठूलो कारक बन्यो ।" सेनाले यो भनाइ अघिल्ला तीन दिनसम्म आफ्नो प्रत्यक्ष निर्देशनमा जसरी पत्रिका निस्किएको थियो, त्यसैलाई निरन्तरता दिनु भन्ने आदेशात्मक स्वरूपको थियो । त्यसपछि नेपाली पत्रकारितामा निजीकृत र आत्मस्वीकृत गरी दुईखाले स्व-सेन्सरसीप देखा परे ।

*निजीकृत सेन्सरसीप* : सैनिक अधिकारीको आदेशपछि पत्रकारिताको एउटा महत्त्वपूर्ण अङ्ग व्यवस्थापक वा प्रकाशकले पत्रकारको स्वतन्त्रताको सीमा तोक्न थाले । *नेपाल समाचारपत्र* तथा *राजधानी* दैनिकका प्रकाशकहरू पत्रकारको गतिविधिलाई सीमित पार्ने अभियानमा निकै कठोर बनेर क्रियाशील भए भने *कान्तिपुर* तथा *द काठमाण्डु पोस्ट* दैनिकका प्रकाशकहरू भने त्यहाँ कार्यरत पत्रकारहरूकै अनुभवमा केही लचिलो देखिए । सम्पादकहरूकै भोगाइअनुसार प्रकाशकहरू सेन्सरसीपका लागि दोस्रो शक्ति ठहरिए । स्वतन्त्र रेडियोहरूका हकमा रेडियोका व्यवस्थापक तथा लगानीकर्ताहरू छापा माध्यमको भन्दा कमजोर कानूनी हैसियतका कारण प्रकाशकहरूभन्दा बढी मात्रामा सेन्सरसीपका लागि जिम्मेवार बने । रेडियो सगरमाथा, कान्तिपुर एफएम, इमेज एफएमलगायत अधिकांश स्वतन्त्र रेडियोहरूले समाचार विभागसमेत खारेज गरे ।

*आत्मस्वीकृत सेन्सरसीप* : पत्रकारहरूलाई गिरफ्तार गर्ने, भौतिक रूपमा आक्रमण गर्ने, बारम्बार धम्क्याउने जस्ता कार्यले सम्पादक तथा पत्रकारका लागि निजी तथा व्यवसायिक जीवनयापन असामान्य बन्न थाल्यो । सरकारी कार्यको विपक्षमा रहेका दैनिक तथा साप्ताहिक पत्रिकाका पत्रकारहरूलाई शासकको प्रत्यक्ष निगरानीमा राखियो । सङ्कटकालको तीन महिनाको अवधिमा चारओटा साप्ताहिक पत्रिका *बुधबार, प्रकाश, देशान्तर* र *साँधु*का सम्पादकलाई पटकपटक जिल्ला प्रशासन कार्यालयमा

उपस्थित गराएर बयान लिइयो [*बुधबार* साप्ताहिकका सम्पादक सूर्य थापासँग लिइएको बयानका लागि हेर्नुहोस् (थापा २०६२)]। दाङको *नयाँ युगबोध* दैनिकको प्रकाशन स्थानीय प्रशासनले बन्द गराएको थियो र उक्त पत्रिकाको प्रेसअगाडि पत्रकारले गितार बजाइरहेको क्याप्सन सहितको फोटो छापेको अभियोगमा *द काठमाण्डु पोस्ट*का सम्पादक प्रतीक प्रधानलाई जिल्ला प्रशासन कार्यालयमा उपस्थित हुन आदेश दिइयो। *कान्तिपुर*का सम्पादक नारायण वाग्लेलाई 'देशभरि ७५० जना गिरफ्तार' शीर्षकको समाचारलाई लिएर सोधपुछ गर्न जिल्ला प्रहरी कार्यालय, प्रहरी अपराध अनुसन्धान शाखा हनुमानढोकाले पुर्जी थमायो। यसरी पत्रकारलाई बयान लिने, गिरफ्तारी र ज्यानको धम्की दिने जस्तो अन्योल, डर र त्रासद वातावरण तयार पारियो। शाही शासन सुरु भएको एक वर्षभित्र दुई जना पत्रकारहरू मारिए, ८३ जना पत्रकारलाई यातना दिइयो, १० घण्टाभन्दा बढी सुरक्षा फौजको नियन्त्रणमा राखिएका पत्रकारको सङ्ख्या ४०९ र विस्थापित पत्रकारको सङ्ख्या ३९ थियो (गाउँले सन् २००६: ३)। यस्तो परिस्थितिले गर्दा पत्रकार स्वयंले वास्तविक समाचारहरू सङ्कलन गर्न, लेख्न तथा प्रकाशन गर्न रोक्नुपर्ने स्थिति सिर्जना भयो। *गोरखा एक्सप्रेस, रूपरेखा, जनभावना, पिपल्स रिभ्यु* जस्ता अर्काथरी साप्ताहिक पत्रिका तथा त्यसमा काम गर्ने पत्रकारहरू आर्थिक प्रलोभनका कारण वास्तविक समाचार सम्प्रेषण गर्नुको साटो सत्ताको भजन गाउन थाले।

यसरी नेपाली पत्रकारितामा पत्रकार स्वयंले डर, त्रास, लोभ, लालच आदिका कारण पत्रकारिताको धर्मविपरीत कार्य गर्नुपर्ने भयो। उनीहरू आफैले समाचार रोक्न थाले। यो अवस्थालाई *नेपाल समाचारपत्र*का तत्कालीन कार्यकारी सम्पादक महेन्द्र विष्ट[४] पाठकप्रति चाहेर पनि इमान्दार बन्न नसकेको अवस्था भन्छन् भने *कान्तिपुर*का सम्पादक नारायण वाग्ले तथा *द काठमाण्डु पोस्ट*का सम्पादक प्रतीक प्रधान भन्छन्, "सधैँ पत्रिकाको डमी तयार भएपछि हामी पेशागत जिम्मेवारी पूरा गरेको सन्तुष्टिसाथ राती घर फर्किन्थौँ तर सङ्कटकालभरि हामी डमी तयार भएपछि पाठकप्रति अन्याय तथा ठगी गरेको ग्लानीसहित खल्लो र दुःखी मन लिएर हिँड्ने गर्थ्यौं।"[५] यो भनाइको आशय सरकारी हस्तक्षेपबाट डराएर सेन्सरसीप गर्नुपर्नेतर्फ केन्द्रित छ।

---

४ महेन्द्र विष्ट २०६२ माघ १६ पछि सम्पादकीय नीतिप्रति असहमति जनाउँदै *नेपाल समाचारपत्र*बाट अलग हुनु भएको छ।

५ सम्पादकद्वय नारायण वाग्ले र प्रतीक प्रधानसँग २०६२ फागुन १८ गते कान्तिपुर पब्लिकेशन्समा गरिएको कुराकानी।

## *अप्रत्यक्ष सेन्सरसीप*

सूचना प्रवाह गर्न क्रियशील तथा उत्तरदायित्वका हिसाबले जनतालाई सूचना उपलब्ध गराउनु पर्ने पक्ष प्रत्यक्ष रूपमा सामेल नभई सूचना सम्प्रेषणका लागि प्रतिकूल हुने अवस्थाको सिर्जना गरिनु अप्रत्यक्ष सेन्सरसीप हो । माघ १९ गतेपछि सरकार प्रत्यक्ष रूपमा सेन्सरका लागि क्रियाशील थियो नै त्यसका साथै आर्थिक नाकाबन्दी लगाउने, पत्रपत्रिका वितरणमा अवरोध खडा गर्ने, सञ्चारमाध्यमबारे नकारात्मक प्रचार गर्ने तथा रेडियो टेलिभिजनहरूको इजाजत नवीकरणसम्बन्धी खतरा खडा गर्न थाल्यो ।

**क. आर्थिक नाकाबन्दी:** एकद्वार विज्ञापन नीतिका नाममा सरकारले आफ्नो समर्थनमा लेख्ने पत्रपत्रिका तथा रेडियो, टेलिभिजनहरूलाई विज्ञापनबाट वञ्चित गर्‍यो । सरकारले घोषित रूपमा नै राष्ट्र, राष्ट्रियता तथा राजमुकुटको पक्षमा रहने पत्रपत्रिकालाई मात्र सरकारी विज्ञापन उपलब्ध गराउने नीति जारी गर्‍यो । सरकारले शाही शासनको १५ महिने अवधिमा सरकार पक्षधर पत्रपत्रिकाहरू *गोरखापत्र, नेपाल समाचारपत्र, राजधानी* र *हिमालय टाइम्स*लाई एक करोड दस लाखभन्दा बढी आर्थिक सहयोग उपलब्ध गरायो ।[६] तर सूचनाको स्वतन्त्र प्रवाह गर्ने तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधर पत्रपत्रिका र रेडियो, टेलिभिजनहरूलाई सरकारले विज्ञापनमा रोकसमेत लगायो । निजी क्षेत्रका उद्योगपति तथा व्यापारीहरूलाई समेत विज्ञापन नदिन मौखिक आदेश दियो । स्थानीय निकाय जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिसँग मिलेर स्थानीय रेडियोले उत्पादन तथा प्रसारण गरिरहेका कार्यक्रमहरू बन्द गर्न आदेश दिइयो ।[७]

सरकारी आर्थिक नाकाबन्दीका कारण द *काठमाण्डु पोस्ट* दैनिक १२ पेजबाट घटेर ८ पेजमात्र प्रकाशन हुन थाल्यो भने काठमाडौँ बाहिरबाट प्रकाशित *कान्तिपुर* दैनिकका संस्करणहरू कान्तिपुर पब्लिकेशन्सले बन्द गर्‍यो । साप्ताहिक पत्रपत्रिका आर्थिक सङ्कटमा परे । पहिले तीन/चारओटा स्थानीय पत्रिका भएका काभ्रे लगायतका जिल्लाहरू पत्रिकाविहीन बन्न पुगे । एक वर्षको अवधिमा देशभर १०८ ओटा पत्रपत्रिका बन्द भए (गाउँले सन् २००६: ३) । कतिपय

---

६ अर्थमन्त्री रामशरण महतले २०६३ जेठ १ गते प्रतिनिधिसभासमक्ष प्रस्तुत गर्नु भएको अर्थतन्त्रको वर्तमान अवस्थासम्बन्धी श्वेतपत्र २०६३, अर्थ मन्त्रालय ।

७ स्वतन्त्र रेडियो बचाउ आन्दोलनको अभिलेखबाट ।

पत्रकारहरू बिनापारिश्रमिक काम गर्न बाध्य भए भने विभिन्न सञ्चारमाध्यमबाट २५० जना पत्रकारहरूले रोजगारी गुमाउनुपऱ्यो (गाउँले सन् २००६: ३) ।

**ख. वितरणमा अवरोध:** पत्रपत्रिकाको वितरणलाई सीमित पारी सूचना तथा समाचार पाठकसम्म पुग्न नदिन सरकारले हुलाक टिकटमा दस गुणा वृद्धि गऱ्यो (हुलाक टिकट मूल्य दस पैसाबाट बढाएर एक रुपियाँ बनाइयो) । जिल्लाजिल्लाबाट निस्कने पत्रिकाहरूको वितरण हुलाक टिकटको वृद्धिले निकै प्रभावित भयो ।[८]

अर्कातिर पत्रपत्रिकाको स्वतन्त्र वितरणमा सरकारले अवरोध खडा गऱ्यो । देशका प्रमुख सहरहरू पोखरा, चितवन, बुटवलमा हरेक दिन बिहान छ/सात बजे पुग्ने दैनिक पत्रपत्रिकाहरू सुरक्षा निकायको स्कर्टिङमा मात्र वितरण गर्नुपर्ने व्यवस्था गरियो । यसले गर्दा अपराह्न मात्र पत्रपत्रिकाहरू ती ठाउँमा पुग्न थाले । जिल्ला सदरमुकामबाट गाउँ गाउँमा वितरण हुने पत्रपत्रिकाको सङ्ख्यामा यो ढिलाइका कारण व्यापक कमी आयो । भौगोलिक हिसाबले वितरणमा ३० प्रतिशतभन्दा बढीले कमी आयो । यसरी जनताले सूचना तथा विचार प्राप्त गर्ने स्रोतसम्मको पहुँच नै सीमित हुन पुग्यो ।

**ग. नवीकरणको डर:** शाही शासनको एक वर्षभर देशका विभिन्न भागमा सञ्चालित ४७ ओटा स्वतन्त्र रेडियो स्टेसनहरू हरेक वर्ष नवीकरण गर्नुपर्ने प्रावधानबाट डराएर जनताको पक्षमा समाचार सम्प्रेषण गर्न कम तत्पर देखिए । अधिकांश रेडियोहरूले नवीकरणका लागि सूचना तथा सञ्चार मन्त्रालयमा बुझाएको सक्कल प्रति इजाजत पत्र मन्त्रालयले एक वर्ष बितिसक्दा पनि फिर्ता दिएन । यसले गर्दा रेडियो सञ्चालक तथा प्रवर्द्धकहरू स्टेसन जोगाउनेतर्फ बढी सजग बन्न पुगे । परिणामस्वरूप सूचना प्रवाहमा अत्यधिक कमी आयो । पहिले समाचार तथा विचार प्रवाह गरिरहेका स्टेसनहरूमध्ये ६५ प्रतिशत एफएमहरूले यो अवधिभर गीत मात्र बजाएर बसे ।[९]

**घ. नकारात्मक प्रतिक्रिया:** प्रेस काउन्सिललाई सरकारी पक्षको कामलाई वैधानिकता दिने निकायको रूपमा  दुरुपयोग गर्ने, सरकारी सञ्चारमाध्यमबाट

---

[८] मेचीकाली मिडिया सोसाइटीका अध्यक्ष माधव शर्मासँगको कुराकानी । लोकतान्त्रिक सरकार आएपछि पत्रपत्रिका वितरणमा हुलाक टिकट टाँस्नु नपर्ने गरी पूर्ण निःशुल्क बनाउने घोषणा गऱ्यो ।

[९] स्वतन्त्र रेडियो बचाउ आन्दोलनको अभिलेखबाट ।

नकारात्मक प्रचार गराउने तथा सरकारी पदाधिकारी र प्रशासनयन्त्रले कारबाहीको धम्की दिने कार्यले समाचार प्रकाशन तथा प्रसारणमा असहज तथा असुरक्षित वातावरण सिर्जना गऱ्यो । पत्रकार तथा पत्रिकाहरूलाई राष्ट्र विरोधीको संज्ञा दिनसमेत सरकार पछि परेन । यस्तो अवस्थाले सञ्चार गृह तथा सञ्चारकर्मीहरूलाई प्रतिरक्षात्मक स्थितितर्फ धकेल्यो । सञ्चारकर्मी तथा व्यवस्थापकले निर्धक्क भएर वास्तविक समाचार छाप्नसक्ने स्थिति रहेन ।

## निष्कर्ष

निरङ्कुशता प्रेस स्वतन्त्रताका लागि सधैँ खतरनाक हुन्छ । बोल्ने, लेख्ने, अनुसन्धान गरी प्रतिवेदन निकाल्ने, आलोचना गर्ने तथा जनतालाई जागरुक पार्ने स्वतन्त्रता जहिले पनि निरङ्कुशताको पहिलो निसाना बन्ने गर्छ । २०६१ माघ १९ गतेको शाही कदमसँगै नेपालको स्थिति पनि ठीक यस्तै रह्यो । राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नो हातमा लिँदा दस वर्षअघिदेखि मुलुकमा चलेको माओवादी विद्रोह तथा हिंसा र आतङ्कलाई समाप्त पारी शान्ति स्थापना गर्ने घोषणा गरेका थिए । हिंसा र आतङ्कविरुद्धको अभियानमा जनतामाझ डर, अन्योल र अफवाह फैलाउने रणनीति कहिल्यै हुँदैन । तर शाही सरकारले शान्ति स्थापनाका नाममा स्वतन्त्र सञ्चारमाध्यमहरूमाथि हस्तक्षेप गरी सूचनाको प्रवाहलाई कुण्ठित गऱ्यो । यो अवधिभर देशमा दुईखाले सञ्चारमाध्यमहरूले मात्र आफ्नो प्रसारण/प्रकाशन जारी राखे । ती माओवादी पक्षबाट र सरकारको पक्षबाट वा सरकारको समर्थनमा सञ्चालित सञ्चारमाध्यम थिए ।

सरकारले देशभर जनतालाई स्वतन्त्र रूपले सूचनाको हक तथा अभिव्यक्ति स्वतन्त्रता उपभोग गर्न बन्देज लगायो । स्वतन्त्र सञ्चार माध्यमलाई नियन्त्रण गर्न एकपछि अर्को आदेशले नपुगेर सरकारले सञ्चारसम्बन्धी कठोर अध्यादेशसमेत जारी गऱ्यो । पत्रकारलाई गिरफ्तार गर्ने, यातना दिने तथा धम्क्याउने कार्य जारी राख्यो । आर्थिक नाकाबन्दी वा प्रलोभन देखाएर आफ्नो पक्षमा प्रोपगण्डा गराउने प्रयत्न गरिरह्यो ।

एक्काइसौँ शताब्दीमा प्रवेश गरेको वर्तमान विश्वमा पत्रकारिता आधुनिक प्रजातन्त्रको अन्तरनिहित र शक्तिशाली तत्त्व बनिसकेको छ। माघ १९ ले पत्रकारहरूका सामुन्ने चेतनशील र बौद्धिक प्राणी हौँ भन्ने छवि बनाउन तथा जनताका मौलिक हकको प्रतिरक्षा गर्न कठिन चुनौती खडा गऱ्यो । अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक तथा प्रेस स्वतन्त्रता प्राप्तिको सङ्घर्ष, शक्ति हत्याउनका लागि नभई साझा चासोको सङ्घर्ष थियो, जसले गर्दा पत्रकारहरू निरङ्कुशता

विरुद्धको सङ्घर्षमा अग्रिम पङ्क्तिमा उभिए । तर पनि नेपाली पत्रकारिता सरकार र प्रकाशकको हस्तक्षेपबाट मुक्त हुन भने सकेको छैन । सूचनाको निर्बाध प्रवाहका लागि उपयुक्त वातावरणको निर्माण गर्न सरकार र प्रकाशक दुवै तयार छैनन् । सम्पादकीय स्वतन्त्रता कायम गर्ने पक्ष नेपालमा अझै पनि चुनौतीकै रूपमा रहेको छ ।

## सन्दर्भ सामग्री

गोरखापत्र । २०६१क । श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयको सूचना । २१ माघ, पृ. १ ।

गोरखापत्र । २०६१ख । श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयको सूचना । २२ माघ, पृ. १ ।

गोरखापत्र । २०६१ग । श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयको सूचना । १९ फागुन, पृ. १ ।

गोरखापत्र । २०६१घ । श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयको सूचना । २६ फागुन, पृ. १ ।

थापा, सूर्य । २०६२ । प्रमुख जिल्ला अधिकारी समक्ष बयान । *रूपान्तरण: समाज अध्ययन* १: १४१-१५१ ।

दीक्षित कनक । २०६१ । शाही घोषणा र अन्तर्राष्ट्रिय प्रतिक्रिया । *हिमाल खबरपत्रिका* १४(२१): ३७ ।

भण्डारी, रामकृष्ण । २०६२ । तोरी फुलेको समाचार, सेल्फ सेन्सरसीप र मेरो अनुभव । *मेचीकाली दैनिक,* १२ माघ, पृ. ३ ।

Gaunle, Shiva. 2006. Journalism under Royal Regime: A Spirited Fightback. In *Nepalese Media: Under Royal Regime*. Kiran Chapagain, ed., p. 1-5. Kathmandu: Federation of Nepalese Journalists (FNJ).

Mendel, Toby. 2003. Terrorist Attacks of 11 September: Consequences for Freedom of Expression. In *Media, Violence and Terrorism*. S.T. Kwame Boafo and Sylvie Coudray, eds., pp. 43-49. Paris: UNESCO.

Price, Stuart. 1997. *The Complete A-Z Media & Communication Handbook*. New York: Hodder and Stoughton.

The Kathmandu Post. 2005. Socks in Society (editorial). 5 February, p. 4.

Warren, Chris. 2003. Journalism and the War on Terrorism. In *Media, Violence and Terrorism*. S.T. Kwame Boafo and Sylvie Coudray, eds., pp. 17-38. Paris: UNESCO.